**राजदेवी नगरपालिकाको**
**आर्थिक वर्ष २०८३।०८४ को**
**नीति तथा कार्यक्रम**

**राजदेवी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मधेश प्रदेश**
**राजदेवी, रौतहट**

**राजदेवी नगरपालिकाको नगर सभाको सोह्रौं अधिवेशनमा**
नगर उप-प्रमुख श्री राजकुमारी साहद्वारा प्रस्तुत
आर्थिक वर्ष २०८३।०८४ को
**नीति तथा कार्यक्रम**

राजदेवी नगरपालिकाको नगर सभाको सोह्रौं अधिवेशनको यस बैठकमा उपस्थित नगर सभाका अध्यक्ष ज्यू, नगरसभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत, कर्मचारी साथीहरु तथा संचारकर्मी मित्रहरु, यहाहरु सबैलाई हार्दिक स्वागत एवम् न्यानो अभिवादन व्यक्त गर्दछु।

यस गरिमामय सभामा सम्बोधन गरिरहदा सर्वप्रथम म संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि जिवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात/अज्ञात सहिदहरुलाई स्मरण गर्दै श्रद्धाञ्जली अर्पण गर्दछु।

राजदेवी नगरपालिकाको नगर सभाको चौधौं र पन्ध्रौ अधिवेशनबाट पारित आ.व. २०८२।०८३ को नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको अन्तिम चरणमा रहेको छ। विगतका आ.व को अनुभव, उपलब्धी र सिकाइलाई आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमाको क्रममा मुख्य आधारको रुपमा ग्रहण गरिएको कुरा सबैमा अनुरोध गर्न चाहन्छु।

***सभाका सदस्यज्यूहरु,***

यस नगरपालिकाको आ.व २०८३।०८४ को नीति तथा कार्यक्रम तर्जुमाका क्रममा वडा समिति र सम्बन्धित शाखाबाट विषय क्षेत्रगतरुपमा प्राप्त प्रस्तावहरु विषयगत समितिमा छलफल भई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा छलफल हुँदै कार्यपालिका मार्फत नगर सभा समक्ष पेश भएको नीति तथा कार्यक्रममा सम्पूर्ण विषय क्षेत्रलाई समेट्ने प्रयास गरिएको छ।

***सभाका सदस्यज्यूहरु,***

आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा देहायका कानूनी आधारहरु  अवलम्बन गरिएको छः

- नेपालको संविधान तथा यसमा व्यक्त गरिएका राज्यको उद्देश्य, राष्ट्रिय नीति, मौलिक हक तथा निर्देशक सिद्धान्त
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, २०७८
- संघ, प्रदेश, स्थानीय (अन्तरसम्बन्ध तथा समन्वय), ऐन, २०७७
- राजदेवी नगरपालिकाको आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०८२
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु
- संघीय तथा प्रादेशिक आवधिक विकास योजना
- राजदेवी नगरपालिकाको आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना
- नगरपालिकाको आन्तरिक स्रोत साधन तथा अन्तर सरकारी वित्त हस्तान्तरण मार्फत् प्राप्त हुने श्रोत
- नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेटबाट प्राप्त उपलब्धी तथा विगतका विकास प्रयासको समीक्षा
- जन अपेक्षा तथा आवश्यकता
- विकासका अन्तरसम्बन्धित बिषयहरुः गरिबी निवारण, विपद व्यवस्थापन, जलवायु परिवर्तन, लैंगिक विकास, सामाजिक समावेशीकरण
- नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु

**प्रथमिकताका क्षेत्र**

"स्वच्छ, समृद्ध र समतामूलक राजदेवी" को सोच लिई आगामी वर्षको नीति तथा कार्यक्रमको प्राथमिकताका क्षेत्र देहाय बमोजिम निर्धारण गरिएको छ:

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

- जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
- स्थानीय पूर्वाधार विकास,
- स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
- स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,
- महिला, बालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,
- दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने,
- प्राकृतिक श्रोतको दिगो उपयोग, जलवायू अनुकुलन तथा विपद् व्यवस्थापन,
- भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने,
- नव प्रवर्तन, सूचना प्रविधीको उपयोग तथा युवाहरुको परिचालन मार्फत् रोजगारी श्रृजना,
- विगतका सफल प्रयास तथा अभ्यासलाई निरन्तरता दिईने ।

**(सेवा प्रवाहमा सूचना प्रविधीको उपयोग, सामाजिक तथा आर्थिक पुर्वाधार, अधुरा पूर्वाधार सम्पन्न, युवाको सहभागिता तथा परिचालन)**

**प्रमुख रणनीतिहरुः**

- प्राथमिकता तथा आवश्यकताका आधारमा नीति तथा नीति अनुरुप आय व्ययको अनुमान तयार गरिने ।
- स्थानीय नीति तथा कार्यक्रमलाई राष्ट्रिय तथा प्रादेशिक नीति संग आवद्ध गरिनेछ ।
- वित्तीय संघीयता तथा स्थानीय वित्तीय स्वायत्तालाई प्रवर्धन गर्न आन्तरिक परिचालन थप प्रभावकारी बनाईने ।
- बजेटको विश्वसनीयता तथा प्रभावकारिता बढाउन श्रोत अनुमानलाई वास्तविक बनाउनुका साथै बजेटमा संरचनात्मक सुधार गरिने ।
- चालू खर्चलाई वाञ्छित सीमा भित्र राख्दै चालू तथा पूँजीगत खर्चलाई सन्तुलन गरिनेछ ।
- आयोजना तथा कार्यक्रम कार्यान्वयनलाई समयाबद्ध गरिने ।
- विकास प्रयासमा दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरिने ।

## १. आर्थिक विकास नीति

### उपक्षेत्र १ कृषि  तथा खाद्य सुरक्षा

- बाली विकासः अन्न, तरकारी,फलफूल, मसला, नगदेबालीको उत्पादन क्षेत्र विस्तार र उत्पादकत्व वृद्धि गरिनेछ ।
- क्षेत्रगत रुपमा उपयुक्त स्थानमा कृषि संकलन तथा बिक्री केन्द्र स्थापना गरिदै लगिनेछ ।
- व्यवसायिक तरकारी खेतिलाई प्रोत्साहन र कृषकलाई सम्मान गरिनेछ ।
- कृषि बजार व्यवस्थापन गर्न पूर्वाधार निर्माण गरिनुको साथै साप्ताहिक हाटबजार व्यवस्थित गरिनेछ ।
- कृषि प्रविधिमा सुधार गर्नस्थानीय स्तरमा कृषि औजार उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गरि यान्त्रिकीकरण प्रवर्धन गरिनेछ ।
- गरिब, विपन्न, दलित र विदेशबाट फर्किआएका तथा सीमित अपांगता भएका व्यक्तिहरूलाई कृषि मार्फत स्वरोजगार बनाउन कार्यक्रम संचालन गरिनेछ ।

- कृषि बीमा कार्यक्रमको पहुँच विस्तार गर्न सचेतना कार्यक्रम संचालन गरिनेछ।
- कृषि पेशालाई मर्यादित बनाउन कृषकहरुलाई सम्मान र प्रोत्साहन गरिनेछ।
- किसान सुचिकरण कार्यलाई सम्पन्न गरिनेछ।

## उपक्षेत्र २ सिंचाई

- पक्की सिंचाई पूर्वाधारको निर्माण गरिनेछ। यसका लागि संघ तथा प्रदेश सरकार संग समन्वय गरिनेछ।
- सुख्खाग्रस्त क्षेत्रमा मोटर बोरिङ र सतह सिंचाईको कार्यक्रमलाई निरन्तरता दिइनेछ

## उपक्षेत्र ३ पशुपंक्षीविकास

- प्राविधिक सेवा, पशु स्वास्थ्य उपचार सेवा र प्रयोगशाला सेवालाई निरन्तरता दिइनेछ
- पशुपन्छिहरुमा लाग्ने संक्रामक माहामारी रोगहरु विरुद्ध निशुल्क नियमित खोप कार्यक्रमहरु संचालन गरिनेछ। स्वाइन /पि पि आर/खोरेत) (रेविज आदि ।/फिबर
- सचेतना तथा कृषकहरुको व्यवसायिक क्षमता विकासका लागी तालिमहरु सञ्चालन गरिनेछ।
- नश्ल सुधार र कृत्रिम गर्भाधानको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

## उपक्षेत्र ४ उद्योग तथा व्यापार

- सीप विकास तालिमलाई बजारको आवश्यकतामा आधारित बनाईने छ।
- सीप विकास तालिममा महिला, सीमित अपाङ्गता भएका व्यक्ति, वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिलाई प्राथमिकता दिईनेछ।
- बजार असफलता, एकाधिकार, कार्टेलिङ्ग नियन्त्रण, उपभोक्ता अधिकार सुनिश्चित गर्न सचेतना तथा बजार अनुगमन, अनुगमनका संघीय सरकार मातहतका निकाय संग समन्वय गरिनेछ।

## उपक्षेत्र ५ पर्यटन तथा संस्कृति

- राजदेवी मन्दिरको सौन्दर्यीकरण योजना संचालनमा निरन्तरता दिइनेछ।
- स्थानीय मठ, मन्दिर, देवालय, शिवालय, चर्च, मस्जिद, महाराजथान, गुम्बा र अन्य धार्मिकस्थलहरुको बिकास र संरक्षणमा स्थानीय सामुदायसँग सहकार्य गरिनेछ।
- राजदेवी गाउँपालिकाका विशिष्ट साँस्कृतिक सम्पदाको संरक्षणका लागि उपयुक्त स्थानमा साँस्कृतिक संग्राहलय निर्माणका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ।

## उपक्षेत्र ६भूमि व्यवस्था तथा सहकारी

- राजदेवी नगरपालिकामा रहेका सहकारीहरुको क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- राजदेवी नगरपालिकामा संचालनमा रहेका सामाजिक संस्थाहरुको अभिलेख तयार गर्नुका साथै विकास निर्माणको कार्यमा उनीहरुको भुमिका विषयमा छलफल गरि परिचालन गरिने नीति लिइनेछ।
- सहकारी ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम प्रभावकारी नियमनका लागि सहकारी संस्थालाई कोपो-एम.आई.एस (**COPOMIS**) मा आबद्ध गरिनुका साथै एकिकृत अनुगमन प्रणालीको विकास गरिनेछ।

- भूमी व्यवस्थापनका लागि हालसम्म भए गरेका कृयाकलापहरुलाई व्यवस्थित गर्दै भूमी सम्वन्धी अभिलेखलाई पूर्णरुपमा डिजिटल बनाउन आवश्यक कार्य गरिनेछ ।
- सार्वजनिक जग्गाको अभिलेख अध्यावधिक तथा संरक्षण गरिनेछ ।
- गैरकानूनी भू-उपयोगलाई निरुत्साहित गरिनेछ ।
- ल्याण्ड युज प्लान (**Land Use Plan**)लाई सूचना प्रविधिमा आधारित बनाईनेछ ।

## उपक्षेत्र ७ श्रम तथा रोजगारी

- श्रमको सम्मान राष्ट्रको अभियान रणनीति कार्यान्वयन गर्दै लगिनेछ ।
- कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी लगायत आधारभूत आवश्यक्ता साथै पर्यटनमा समेत रोजगारीलाई जोड्नेकाम गरिनेछ ।
- वैदेशिक अनुभव लिएर स्वदेश फर्किएका युवाले लघु उद्यम गर्न चाहेमा प्राविधिक सहयोग गरिनेछ।
- आप्रवासन प्रकृयाका चरणहरु (प्रस्थान पूर्व, प्रस्थान र पुन एकीकरण) सम्बन्धी कार्यक्रमहरु संचालन गरि वैदेशिक रोजगार प्रकृया सुरक्षित र मर्यादित बनाउन पहल गरिनेछ
- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको ज्ञान, सीप तथा कार्य अनुभव सहितको अभिलेखिकरण र वैदेशिक रोजगारको प्रोफाईल तयार साथै अध्यावधिक गरिन्छ।
- युवाहरुको अन्तर निहित प्रतिभाको पहिचान गरि रोजगारीमा जोड्ने अवधारणा लिईनेछ।
- वैदेशिक रोजगारबाट फर्कि आएका व्यक्ति तथा परिवारका लागि आर्थिक मनोसामाजिक परामर्श गरी पुर्नस्थापनामा पहल गरिनेछ।
- श्रम स्वीकृती तथा पुनः श्रम स्वीकृतीका लागि सरल, शुलभ तथा व्यवस्थित सहजिकरण सेवा प्रदान गर्न रोजगार सेवा केन्दलाई सुदृढीकरण गरिनुका साथ साथै वैदेशिक रोजगारीका अवसरहरु प्राप्त गर्न सहजिकरण गर्न व्यवस्था मिलाइनेछ ।

# २.सामाजिक विकास नीति

## उपक्षेत्र १ शिक्षा, भाषा, कला तथा साहित्य

- विद्यालयहरूको भौतिक पूर्वाधार सवलीकरणका गरी सहज र उपयुक्त शिक्षण सिकाइको वातावरण तयार गर्नका लागि विद्यालयहरूको भौतिक मर्मत सम्भार, घेराबार, शुद्द पिउने पानी तथा शौचालय व्यवस्थापन एवं अधुरा भवन पुरा गरी विद्यालयहरूको आन्तरिक र वाह्य वातावरण सुधार गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- नगर क्षेत्रका शैक्षिक संस्थाहरुको गुणस्तर वृद्धि गर्नका लागि आवश्यक योजना निर्माण गरि कार्यान्वयन गरिनेछ ।
- विद्यालय नक्सांकन, विद्यार्थी शिक्षकको अनुपातमा शिक्षक व्यवस्थापन गरिनेछ ।
- यसका लागि वैकल्पिक व्यवस्था तथा स्वयंसेवक शिक्षक परिचालन गरिनेछ ।
- नगरपालिकाले सञ्चालन गरेको नगरस्तरीय कक्षा-८ को परीक्षालाई गुणस्तरीय रुपमा सञ्चालन गर्न आवश्यक मापदण्ड तयार गरिनेछ । साथै कक्षा १ - १२ को गुणस्तर परीक्षणका लागि उपलब्धी परीक्षा सञ्चालन गरिनेछ ।
- शिक्षण सिकाइमा सूचना तथा प्रविधिको प्रयोग बढाउन सामुदायिक विद्यालयहरुलाई प्रविधिमैत्री बनाउँदै लगिनेछ ।
- प्राविधिक शिक्षा अध्ययन गर्न चाहने विपन्न तथा जेहेन्दार, सिमान्तकृत, अल्पसंख्यक समुदायका विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराइनेछ ।
- सामुदायिक तथा संस्थागत विद्यालयहरुका प्र.अ हरुसँग समय समयमा बैठक बसि शैक्षिक प्रगति र सुधारका पक्षमा छलफल गरि आवश्यक सुधार गर्रिंदै लगिनेछ ।

- फरक क्षमता भएका बालबालिकाहरुका लागि आवश्यक सुधारका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- मेयरसँग बालबालिका कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालय सुधारको लागि सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई मनोपरामर्श लगायतका कार्यक्रम सञ्चालन गरिनेछ
- विद्यालयको भौतिक संरचनाको क्रमिक सुधार गर्दै बालमैत्री, लैंगिकमैत्री र अपाङ्गमैत्री बनाउँदै लगिनेछ।
- परम्परागत विद्यालय, मठमन्दिर, भाषा संस्कृतिलाई संरक्षण, सम्बर्धन र प्रवर्धन गर्दै लगिनेछ
- विद्यार्थी सिकाइ उपलब्धी सुधारका लागि, शिक्षकको वार्षिक तथा दैनिक शिक्षण सिकाइ योजना, सिकाइ सुधार योजना **(TIP)**लाईअनिवार्य गर्दै,कक्षागत तथा विषयगत शिक्षक व्यवस्थापन र उपचारात्मक कक्षा संचालनका लागि आवश्यक व्यवस्था मिलाइने छ।
- विद्यालय विकासमा प्रत्यक्ष संलग्न रहेका व्यक्तिहरूको जवाफदेहिता वृद्धि गर्न शिक्षकले प्रधानाध्यापकसँग, प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिको रोहवरमा नगरपालिकासँग कार्यसम्पादन करार संझौता गर्नु पर्ने नीतिलाई अनिवार्य गरिनेछ।
- दिवा खाजामा स्थानीय सामाग्रीको प्रयोगलाई प्रोत्साहित गरी खाजाको गुणस्तर सुधारको सुनिश्चिता गरिनेछ।
- शिक्षक तथा विद्यालय कर्मचारिको आचार संहिता निर्माण गरिनेछ साथै पेशागत भन्दा बाहेक अन्य कुनै पनि संघ/संगठन प्रतिको आबद्धतालाई निरुत्साहित गरिनेछ।

## उपक्षेत्र २ आधारभुत स्वास्थ्य तथा पोषण

- नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय आधारभुत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराइनेछ।
- स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुमा आवश्यकताका आधारमा क्रमशः निःशुल्क आधारभुत प्रयोगशाला सेवा (ल्याब)विस्तार गर्दै लगिने छ।
- स्वास्थ्य संस्थाहरुमा औषधि तथा उपकरणको उपलब्धतामा वृद्धि गरिनेछ।
- अति विपन्न तथा गरीव नागरिकहरुलाई आकस्मिक स्वास्थ्य सेवा तथा दिर्घरोगहरुको उपचारका लागी उपलब्ध गराइएको उपचार सहायतालाई निरन्तरता दिइनेछ।
- पुर्णखोप दिगोपनाको लागि खोप केन्द्रहरुको भौतिक व्यवस्थापन, गुणस्तरीय खोप सेवाका लागि नयाँ स्वास्थ्यकर्मीहरुलाई तालिम र सरोकारवालहरुको समन्वयमा जनचेतनामुलक कार्यक्रम गरी यस नगरपालिकालाई पुर्ण खोपयुक्त नगर कायमै राखिनेछ।
- स्वास्थ्य संस्थाहरुले गर्ने प्रतिवेदनलाई गुणस्तरीय, अनलाइन तथा डिजिटल प्रविधिमा पुर्णरुपमा लगिनेछ साथै स्वास्थ्य सेवाको गुणस्तरलाई सुधार गर्न न्यूनतम सेवा मापदण्डलाई कार्यान्वयन गरिनेछ।
- स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणा अनुरुप प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक सेवाहरुलाई एकिकृत रुपमा विकास तथा विस्तार गर्दै लगिनेछ।
- नवशिशु मृत्युदर,शिशु मृत्युदर, मातृमृत्युदर र वालमृत्युदरहरुलाई घटाई औषत आयु वढाइने किसिमका क्रियाकलापहरु सञ्चालन गरिनेछ।
- विपन्न, जेष्ठ नागरीक तथा दिर्घरोगीहरुलाई मधुमेह र उच्च रक्तचाप रोगको औषधीहरु सबै स्वास्थ्य संस्थाबाट निशुल्क वितरण गरिनेछ।साथै जेष्ठ नागरीक तथा दिर्घरोगीहरुको नियमित रक्त सुगर तथा रक्तचाप जाँच सेवालाई निरन्तरता दिइनेछ।
- गुणस्तरीय सेवा तथा स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धीका लागी तालिम,अभिमुखीकरण गोष्ठी तथा अनसाइट कोचिङ तथा नियमित अनुगमन तथा सुपरिवेक्षण गरीनेछ।
- महिला तथा बालबालिका लगायत विभिन्न उमेर समुहको सुक्ष्म पोषण अवस्था सुधारका लागि खाद्य विविधीकरण तथा सन्तुलित आहार उपभोगमा जोड दिइनेछ साथै बालबालिकाहरुको नियमित पोषण अवस्थाको लेखाजोखा गरिने छ।

- सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गतको ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम लाइ निरन्तरता दिइनेछ
- माहामारी, प्रकोप तथा  किटजन्य रोगहरुको रोकथामको लागी विभिन्न कार्यक्रमहरु संचालन गरिनुको साथै पर्याप्त औषधी तथा उपकरणहरुको व्यवस्था गरीने छ।
- नसर्ने रोगको प्रकोपको न्युनिकरणका लागि स्वास्थ्य प्रवर्दनात्मक सेवामा विशेष जोड दिइनेछ
- एम्वुलेन्स सेवाको नियमित व्यवस्था मिलाईने छ।
- विद्यालय स्वास्थ्य कार्यक्रमलाई सुढ्ढीकरण गर्दे कार्यक्रम विकास तथा सञ्चालन गरिनेछ
- महिलाहरुको पाठेघर सम्बन्धी रोग पहिचान गर्नका लागि निशुल्क स्वास्थ्य सिविर तथा स्क्रिनिङ सम्बन्धी कार्यक्रम गरिनेछ।
- नगरस्तरीय आधारभूत अस्पताल संचालनमा ल्याइनेछ।
- वालवालिकाको पोषण अवस्थाको वारेमा घरघरमा गई परिक्षण गरी कुपोषित भएको पाइएका निशुल्क उपचारको व्यवस्था मिलाइनेछ।
- महिलाहरुमा हुने प्रजनन स्वास्थ्य सम्बन्धी रोगहरुको परीक्षण तथा रोकथामका लागि समुदायमा आधारित एकीकृत प्रजनन स्वास्थ्य परीक्षण कार्यक्रम संचालन गरिनेछ।
- स्वास्थ्य सेवाबाट प्रदान गरिने प्रवर्धनात्मक, प्रतिकारात्मक तथा उपचारात्मक सेवाको गुणस्तर अभिवृद्धिका लागि **Supply, Supervision & Statistics** रणनीति अवलम्बन गरिनेछ।

## उपक्षेत्र ३ खानेपानी तथा सरसफाई

- स्वास्थ्य तथा सरसफाइ सम्बन्धी बानी व्यवहारमा परिवर्तन गर्न नगरपालिकाको अगुवाइमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- खानेपानीको वितरणलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ।
- सार्वजनिक स्थानमा शुद्ध पिउने पानी उपलब्ध गराउने व्यवस्था गरिनेछ।

## उपक्षेत्र ४ लैंगिक समानता तथा सामाजिक समावेशीकरण

- नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्न आवश्यक कार्यक्रम तर्जुमा गरिने छ
- बालवालिकाका विभिन्न प्रतिभा र क्षमताहरूको पहिचान र प्रोत्साहन गर्नका लागि बाल क्लब र बाल संजाललाई सकृय बनाइनेछ।
- लैंगिक हिंसामा परेकाहरुलाई विभिन्न कार्यक्रमको माध्यमबाट संरक्षण र सहयोग  गरिनेछ
- लैंगिक हिंसा पिडित महिलाका लागि **Safe Space** तथा परामर्श र उपचारको व्यवस्था गर्नुको साथै लैंगिक हिंसा निवारण कोषको प्रभावकारिता अभिवृद्धि गरिनेछ।
- आर्थिक र सामाजिक रुपले सबै क्षेत्रका पछाडी परेका महिला र पुरुषका समान भूमिकालाइ प्रबर्द्धन गर्न कार्यक्रम सन्चालन गरिनेछ।
- महिला समूहलाई थप कृयाशील बनाउन क्षमता विकास गरिनेछ।
- महिलाहरूको कृषक समुह निर्माण र महिला व्यावसायीलाई प्रोत्साहित गर्न विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ।
- जेष्ठ नागरिक सेवा तथा मिलन केन्द्र संचालन तथा ब्यवस्थापन सम्वन्धी विद्यमान संरचनाको सबलीकरण गरिनेछ।
- जेष्ठ नागरिकको निःशुल्क स्वास्थ्य परीक्षण तथा सम्मानको व्यवस्था गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिको सर्वोत्तमा हितका लागि अपाङ्गमैत्री भवनको उच्चतम उपयोग गरिनेछ।
- नगरपालिकामा बन्ने भौतिक संरचनाहरुमा महिला,बालवालिका तथा अपाङ्गता मैत्री बनाउँदै लगिनेछ।

- लैंगिक मैत्री बजेटको अवधारणालाई कार्यान्वयन गर्दै लैंगिक मैत्री शासन तथा बजेटको परीक्षण गरिनेछ।

### उपक्षेत्र ५ युवा तथा खेलकुद

- मेयर कप क्रिकेट प्रतियोगितालाई यस वर्षमा समेत निरन्तरता दिइनेछ।
- खेलकुद विकासका लागि विभिन्न खेलकूल कार्यक्रमहरुको संचालन तथा व्यवस्थापन गरिँदै लगिनेछ।
- युवाहरूलाई पलायन हुनबाट रोक्न युवाहरूको मागमा आधारित सिपविकास तालिम संचालन गर्नुकासाथै युवा उद्यमी समुहहरूलाई प्रविधिमा अनुदान प्रदान गरी युवा रोजगारको प्रवर्धन गर्न आवश्यक व्यवस्था गरिनेछ।
- युवाहरूको सबैभन्दा ठूलो समस्याका रुपमा रहेको लागु औषध प्रयोगलाई पूर्ण निरुत्साहित गर्न सम्वन्धित सुरक्षा निकायहरू तथा यस क्षेत्रमा कार्य गरिरहेका संस्थासँग सहकार्य गरी नगरपालिकालाई लागु औषध रहित पालिकाको रुपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ।

### उपक्षेत्र ६सामाजिक सुरक्षा तथा संरक्षण

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण निरन्तर अध्यावधिक गरिनेछ। कानुनको दायरामा रहीसुरक्षा भत्ता प्राप्तिमा अझ सहजता ल्याउने कार्य गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नया दर्ता तथा नविकरणका लागि फिङ्गरप्रिन्ट र आइरिस विधिबाट बायोमेट्रिक रुजु गरिनेछ।
- व्यक्तिगत घटना दर्ता सम्वन्धी सचेतना कार्यक्रमलाई निरन्तरता दिई समयमै घटना दर्ता गर्न गराउन कार्यक्रम संचालन गरिनेछ।
- वडा स्तरबाट हुने विद्युतीय घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणालीलाई त्रुटिरहित कर्मचारीको क्षमता विकास गरिनेछ।

## ३. पूर्वाधार विकास नीति

### उपक्षेत्र १ सडक, पुल तथा यातायात

- वडास्तरीय भौतिक पूर्वाधार तर्फ एकवटा योजनामा न्यूनतम रु.२ लाख रकम विनियोजन गरी सञ्चालन गरिनेछ।
- नगर क्षेत्र भित्र जीर्ण तथा भत्किएका योजनाहरुको मर्मत तथा संरक्षणका लागि मर्मत सम्भार कोषको प्रयोग गरिनेछ।
- नगरपालिकाभित्र सञ्चालन हुने योजनाहरुको अनुगमनलाई प्रभावकारी बनाउन वडास्तरीय तथा नगरस्तरीय अनुगमन समितिबाट नियमित रुपमा अनुगमनको व्यवस्था मिलाइनेछ।
- उपभोक्ताहरुको प्रत्यक्ष सहभागिता लाभ, साझेदारी र अपनत्व कायम हुने कार्यक्रम तथा योजनाहरुको कार्यान्वयन उपभोक्ता समितिबाट गरिनेछ।
- मागका आधारमा नगरपालिकाको ९० प्रतिशत र उपभोक्ताको १० प्रतिशत लागत साझेदारीमा योजनासञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- यस नगरपालिका क्षेत्रमा संचालन हुने बस तथा अन्य सवारी साधनहरूलाई व्यवस्थापन गरिने तथा सार्वजनिक यातायातको संचालनलाई व्यवस्थित र सेवाग्राहीको सहज पहुँचको सुनिश्चिता गरिनेछ।
- आयोजनाहरुले निर्माण गर्ने सार्वजनिक सूचना बोर्ड आयोजना सम्पन्न भएको कम्तिमा ६ महिना वर्ष सम्म रहने गरी राख्ने व्यवस्थापन अनिवार्य लागु गरिनेछ।
- भौतिक विकास निर्माणका कार्यहरू गर्दा सम्पूर्ण क्षेत्रको सन्तुलित विकासको नीति अवलम्वन गरिनेछ।
- भौतिक निर्माणमा समयमा कार्य सम्पादन नगर्ने तथा तोकिए बमोजिमको गुणस्तर कायम नगर्ने निर्माण व्यवसायीहरूलाई कारवाहीको दयरामा ल्याइने छ।
- उपभोक्ता समिति मार्फत संचालन हुने निर्माण कार्यमा ठूला मेशिन औजारको प्रयोगलाई निरुत्साहित गरिनेछ।

### उपक्षेत्र २ भवन, आवास  तथा वस्ती विकास

- राजदेवी नगरपालिकामा जग्गाको विवादहरुको बढ्दो समस्यालाई न्यूनिकरण गर्न नगरपालिकाबाट पुन नापीको पहल गरिनेछ।
- घर निर्माण तथा (प्लानिङ) नक्शा पास तथा कित्ताकाट गर्दा जग्गा विकास/हाउजिङ निर्माण सम्बन्धि निर्देशिका, २०७९ मा भएको प्राबधान बमोजिम गर्ने कार्यलाई अनिवार्य गरिनेछ।
- घर नक्सा फाइलहरुको व्यवस्थित अभिलेख व्यस्थापनका लागि **Digital Records** प्रणाली लागु गरिनेछ।
- विपन्न नागरिक आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- प्रशासनिक भवन, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय लगायतका सार्वजनिक भवन तथा जग्गा संरक्षणका लागि घेराबारा गरी सुरक्षित गरिनेछ।
- भवन निर्माण सामग्री सडक तथा सार्वजनिक स्थलमा राख्न नपाइने व्यवस्था कडाइका साथ कार्यान्वयन गरिनेछ र सार्वजनिक स्थल खाली गरेपछि मात्र भवन निर्माण तथा निर्माण सम्पन्नताको प्रमाणपत्र प्रदान गरिनेछ।

### उपक्षेत्र ३ जलश्रोत, जलविद्युत तथा उर्जा

- उपभोक्ताहरुको माग र आवश्यकताका आधारमा नगरका थप बाटोहरुमा सडक बत्ति जडान तथा विस्तार कार्य गर्दै लगिनेछ।
- अव्यवस्थित विद्युत पोल र केबलका तारहरु सम्बन्धित निकायसँगको समन्वयमा व्यवस्थित गरिनेछ।
- मुख्य चोक/बजारमा शहरी सुन्दरता कायम गर्न, सुरक्षामा ध्यान दिई भूमिगत तार व्यवस्थापन प्रकृयालाई व्यवस्थित गर्दै लगिनेछ।

### उपक्षेत्र ४ सञ्चार तथा सूचना प्रविधि

- पेपरलेस गभर्नेन्सको अवधारणालाई कार्यान्वयनको दिशातर्फ लगिनेछ।
- सूचना तथा संचार र प्रविधिमा नगरपालिका अन्तर्गतका सबै कार्यालयहरुको पहुँच अभिवृद्धि गर्दै नेटवर्क कन्क्टिभिटी लाई थप व्यवस्थित गरिनेछ।

## ४. वन तथा वातावरण क्षेत्र

### उपक्षेत्र १ वन, हरियाली, भू-संरक्षण तथा जैविक विविधता

- सार्वजनिक वन क्षेत्र, सडक किनारमा र उपयोग विहिन सार्वजनिक, सरकारी जग्गामा फलफूल लगायत अन्य प्रजातिका बिरुवा रोपण गर्ने र संरक्षण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- सामुदायिक वन उपभोक्ता समूहसँगको साझेदारीमा वन संरक्षण, प्रबर्द्धन र पर्यापर्यटनका कार्यक्रम सञ्चालन भैरहेकोमा उक्त कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- खानेपानी मुहान तथा स्रोत संरक्षण, पोखरी तथा सिमसार क्षेत्रको सरसफाई कार्यक्रम, संरक्षण र व्यवस्थापन गरिनेछ।

### उपक्षेत्र २ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन

- **आफ्नो टोल आफै सफा राखौं** अभियान मार्फत नगर सफा राख्ने कार्यमा टोल विकास संस्थाहरुसँग सहकार्य गरिनेछ।
- फोहोरको न्यूनीकरण, वर्गिकरण र पुनः प्रयोगका लागि सचेतनामूलक कार्यक्रम तथा तालिम सञ्चालन गरिनेछ।

- जैविक फोहोर व्यवस्थापनका लागि होम कम्पोष्टिङ प्रविधिको प्रबर्द्धन गरिनेछ ।
- अस्पतालजन्य फोहोरमैलालाइ सम्बन्धित हस्पिटल वा स्वास्थ्य संस्थाहरुवाटै ब्यबस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।
- नगरको सौन्दर्यतालाई कायम राख्न सडक पेटी, पसल, घर अगाडी निर्माण सामग्री, ग्यास र अन्य सामग्री नराख्ने व्यवस्था कार्यान्वयनका लागि नियमन गरिनेछ ।

## उपक्षेत्र ३ विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन

- विपद्बाट हुने जोखिम न्यूनिकरणका लागि संघीय सरकारको सहकार्यमा आपतकालिन आस्रयस्थल (**Shelter House**)निर्माण गरिनेछ ।
- स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तयार भैसकेको हुँदा प्रकोप नक्सा र जोखिम नक्सांकनका आधारमा कार्ययोजना बनाई विपद् व्यवस्थापन र नदी नियन्त्रणका योजनाहरु सञ्चालन गरिनेछ ।
- प्राकृतिक विपद् (चट्याङ, बाढी, भूकम्प, डढेलो, भूक्षय, हावाहुरी, असिना पानी) बाट हुने क्षति न्यूनिकरण गर्नको लागि वार्षिकरुपमा कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।
- साथै गैरप्राकृतिक विपद् (महामारी, हात्तिबाट हुने क्षति, आगलागी, फ्लु, भौतिक संरचनाको क्षति) न्यूनिकरणका लागि कार्ययोजना बनाई विपद् व्यवस्थापन कोषको परिचालन गरिनेछ ।
- विपद् प्रतिकार्य योजना र विपद् संवेदनशिल भूउपयोग योजनाबमोजिम विपद् जोखिम न्यूनिकरणका कार्यहरु गरिनेछ ।
- विपद् जोखिम न्यूनिकरण, उद्दार, प्रतिकार्य र विपद व्यवस्थापनमा नजिकको समुदाय तत्काल परिचालन गर्न तालिम प्राप्त स्वयम्सेवक तयार गरिदै लगिनेछ ।
- विपद् पूर्वतयारी, विपद् प्रतिकार्य रविपद् पश्चातको अवस्थालाई व्यस्थापन गर्न गैरसरकारी संघ संस्थासँगको समन्वय र साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- आपतकालिन कार्यसञ्चालन केन्द्रको क्षमता विकास गर्दै लगिनेछ ।
- पूर्वाधार निर्माणलाई वातावरण संरक्षण, विपद् जोखिम न्यूनिकरण तथा जलवायू परिवर्तन व्यवस्थापन संग आवद्ध गरिनेछ ।

# ५ सुशासनतथा संस्थागत

## उपक्षेत्र १ नीति, कानून, न्याय तथा सुशासन

- नगरपालिकाको न्यायिक समितिलाई स्वतन्त्र निष्पक्ष पहुँचयोग्य सक्षम एवं विश्वसनिय बनाउन न्यायिक समितिबाट गरिदै आएको कार्य सम्पादनलाई प्रविधिमैत्री बनाउदै लगिनेछ ।
- न्यायिक समितिका पदाधिकारी, मेलमिलापकर्ता, जनप्रतिनिधि र कर्मचारीलाई क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।
- व्यक्ति र समुदायबीच मेलमिलाप र मध्यस्थताको कार्यलाई व्यवहारीक रुपमा प्रभावकारी बनाउदै लगिनेछ ।
- न्याय सम्पादन प्रकृयालाई प्रभावकारी बनाउने उद्देश्यले न्यायिक समिति मार्फत स्थलगत बस्तुस्थिति तथा अवस्था बिश्लेषण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- न्यायिक समितिको निर्णयहरु कार्यान्वयन गर्न मौजुदा कानून र आवश्यकताका आधारमा थप कानूनको निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- सार्वजनिक जवाफदेहिता प्रबर्द्धन गर्न सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सर्भेक्षण जस्ता विधि एवम् प्रकृयाको अवलम्बन गरी सार्वजनिकीकरण गर्ने कार्यलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

## उपक्षेत्र २ शान्ति सुरक्षा सुव्यवस्थापन

- नेपाल प्रहरी, सशस्त्र प्रहरीबल सँगको समन्वयमा लागु औषध दुर्व्यसन नियमनका लागि सरोकारवाला संघसंस्था र आमा समुहको परिचालन गर्ने नीति लिइनेछ।
- प्राकृतिक स्रोतको दोहन नियमन, चोरी डकैती तथा सामाजिक अपराध न्यूनीकरण गर्नका लागि सडक, चोकहरूमा **CCTV** Camera जडान गर्ने र सडक वत्ती व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकता दिइने छ।

## उपक्षेत्र ३ संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह

- कर्मचारीलाई कार्य सम्पादन मूल्याङ्कनको आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ।
- सेवा प्रवाहमा समर्पित कर्मचारी तथा शिक्षकहरुको मनोवललाई उच्च राखी गुणस्तरीय प्रतिफल दिन सक्ने गरी क्षमता विकास योजनामा आधारित तालिम तथा कार्यक्रमको व्यवस्था मिलाइनेछ।
- सेवा प्रवाहका हरेक क्षेत्रमा प्रविधिको विकास तथा विस्तार गरी ई-गभरनेन्सलाई निरन्तरता दिइनेछ।
- नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा नागरिक वडापत्र व्यवस्थापन र नियमित अध्यावधिक गरिदै लगिनेछ
- राजदेवी नगरपालिका तथा सबै वडा कार्यालयहरुमाडिजिटल सूचना पाटी **(Digital Notice Board)** को व्यवस्था गर्दै लगिनेछ।
- राजदेवी नगरपालिका, वडा कार्यालय, स्वास्थय चौकी, विद्यालयहरुमा इ-हाजिरी र **CCTV Camera** लाई निरन्तरता तथा नभएका स्थानहरुमा थप जडान गरिसुरक्षित तथा सुशासनयुक्त बनाइनेछ।
- सूचना प्रणालीलाई ब्यवस्थित तथा छिटो छरितो जनतासम्म सूचनाको सहज पहुँच पुऱ्याउनको लागी सोसियल मिडियाको प्रयोगलाई बढावा दिईनेछ।
- वेब साईट नियमित अपडेट गरिनेछ।
- विद्युतीय उपकरणहरुको सुरक्षाको व्यवस्थापन मिलाईनेछ।

## ५.२ सुशासन तथा संस्थागत विकास

- सार्वजनिक खरिदलाई व्यवस्थित गर्न वार्षिक खरिद योजना निर्माण गरी स्वीकृत गरेर मात्र खरिद गर्ने गरी खरिद योजना निर्माण गरी लागु गरिनेछ।
- वेरुजु घटाउने र हालसम्म महालेखा परीक्षकको कार्यालयले दिएको लेखापरीक्षण प्रतिवेदनमा तोकेका वेरुजु असुल उपर गर्ने कार्यलाई प्राथमिकतासाथ सम्पादन गरिनेछ।

## उप क्षेत्र ४ राजश्व तथा आन्तरिक श्रोत परिचालन

- राजश्व नीति तथा प्रशासन सम्वन्धी राजश्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ।
- आन्तरिक स्रोत अभिवृद्धिका लागि नगरभित्र रहेका सम्भाव्य स्रोतहरुको पहिचान गरी राजश्वको बार्षिक प्रक्षेपण गर्ने कार्यलाई वस्तुगत बनाईनेछ ।
- पुँजीगत तथा आर्थिक कारोबारको आधारमा कर निर्धारण गर्ने व्यवस्था लागु गरिनेछ।
- डिजिटल कर संकलन तथा ई-पेमेन्ट प्रणालीको विकास र कार्यान्वयनमा जोड दिइनेछ।
- नगरपालिकाको आन्तरिक श्रोतको संकलन र सोबाट हुने खर्चको जानकारी नियमित रुपमा सार्वजनिक गरिनेछ।

- चालु आर्थिक बर्ष भन्दा ५ आर्थिक बर्ष अघि कायम भएको धरौटी मौज्दात रकम मध्ये प्रयोजन सकिएका धरौटीहरुलाई सार्वजनिक सूचना मार्फत फिर्ता लिन आह्वान गर्ने र उक्त अवधिमा पनि फिर्ता हुन नसकेमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन नियम बमोजिम सदरस्याहा गरिनेछ।

## उपक्षेत्र ५ तथ्यांक प्रणाली, योजना र विकास व्यवस्थापन

- विकास योजना सम्वन्धी खर्च गर्दा योजनाको सर्भे, डिजाइन, लागत अनुमान तथा कार्यक्रम तयार एवम् स्वीकृत भएको सुनिश्चित गर्न चेकलिष्ट तयार गरी रुजु गर्ने व्यवस्था गरिनेछ।
- कार्यालयको खप्ने जिन्सी सामानहरुको लगत अध्यावधिक गरिनेछ र मर्मत सम्भार गर्नुपर्ने अवस्थाका सामानहरुको मर्मत गरि सञ्चालन गरिनेछ।
- प्रत्येक आर्थिक बर्षमा जिन्सी निरीक्षण गरी प्राप्त प्रतिवेदनका आधारमा व्यवस्थापन गरिदै लगिनेछ।
- विपद् व्यवस्थापनका लागि आवश्यक सामग्रीहरुको छुट्टै लगत बनाई सामग्रीहरुको सुरक्षित भण्डारका साथै प्रयोग प्रकृया, जिम्मेवारी तोक्ने र भौतिक परीक्षण समेत गरिनेछ।
- योजनाहरुको आवश्यकताको पहिचान, प्राथमिकीकरण, संचालन तथा मर्मत सम्भार सम्बन्धी कार्यहरुमा अधिकाधिक जनसहभागिता बृद्धि गरी जनस्वामित्व बढाउदै लगिनेछ।

***अन्त्यमा***,

राजदेवी नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ को प्रस्तुत नीति तथा कार्यक्रमले संविधानमा उल्लिखित राज्यका निर्देशक सिद्धन्ता, नीति तथा दायित्वको प्रभावकारी कार्यान्वयन मार्फत स्वच्छ, समृद्ध र समतामूलक राजदेवीको दुरदृष्टिलाई साकार पार्न मद्दत गर्नेछ भन्ने अपेक्षा गरिएको छ। यस बर्षको नीति तथा कार्यक्रम कार्यान्वयनका लागि अनुमानित आय रु ५० करोड ९० लाख ४० हजार मध्ये अनुमानित चालु तर्फको खर्च रु. ३५,६६,१२,०००/- र पुँजीगत तर्फ १५,२४,२८,०००/- विनियोजन गरेको छु।

प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबैबाट सक्रिय सहयोग प्राप्त हुने विश्वास लिइएको छ। नगर सभाको सोहौं अधिवेशनमा प्रस्तुत आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमामा सहयोग पुर्याउनु हुने नगर सभा सदस्यज्यूहरु विभिन्न राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, नागरिक समाजका प्रतिनिधिहरु, पत्रकार महोदयहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु कर्मचारीज्यूहरु, सम्पूर्ण शुभेच्छुक महानुभावहरु तथा सम्पूर्ण नगरवासी दाजुभाई दिदि बहिनिहरुलाई हार्दिक धन्यबाद दिन चाहान्छु। साथै आगामी दिनहरुमा पनि यहाँहरुको सक्रिय सहभागिता, सहयोग र सहकार्यको अपेक्षा समेत गर्दछु।